आज मिति २०७८ साल चैत्र २१ गते सोमबारका दिन अपराध अनुसन्धान तथा अभियोजनसँग संलग्न निकायका बिचमा आवश्यकतानुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारीता ल्याउने प्रयोजनको लागि समन्वय समिति डोल्पाका संयोजक नि. जिल्ला न्यायाधिवक्ता श्री खुम बहादुर कुँवरको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा समन्वय समितिको बैठक बसी देहाय बमोजिमको विषयमा छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| | |
|---|---|
| नि.जि.न्या.व. (जि.स.व.का.डोल्पा) | श्री खुम बहादुर कुँवर - संयोजक |
| स.प्र.जि.अ. (जि.प्रशासन का. डोल्पा) | श्री कृष्ण बस्याल - सदस्य |
| प्र.नि. (जि.प्र.का. डोल्पा) | श्री प्रेम बहादुर बोहरा - सदस्य |
| ना.सु.(जि.स.व.का.) | श्री आयुष सिंजाली - सदस्य सचिव |

**आमन्त्रित:**

| | |
|---|---|
| कार्यालय प्रमख (मालपोत कार्यालय, डोल्पा) | श्री कर्ण बहादुर रोकाया |
| जेलर (कारागार कार्यालय, डोल्पा) | श्री दिर्घराज आर.सी. |
| ईन्जिनीयर (डिभिजन वन कार्यालय, डोल्पा) | श्री रमेश नेपाली |

**छलफलका विषयहरु:**

१ . महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको एकिकृत कार्य संचालन कार्यवधि, २०७८ को कार्यान्वयन गर्न गराउने सम्बन्धमा ।

२ . लगातार सुनुवाई हुने मुद्दाको न्यायिक प्रक्रियाको प्रभावकारी कार्यान्वयन गर्ने सम्बन्धमा।

३ . फौजदारी कानूनको बारेमा सचेतना अभिबृद्धि गर्ने सम्बन्धमा ।

४ . साक्षी फेला नपर्दा अनिवार्य मुचुल्का पेश गर्ने सम्बन्धमा।

५ . पीडित र साक्षीको संरक्षण सम्बन्धमा ।

६ . सरकार वादी मुद्दाको फैसला तथा आदेश कार्यान्वयनमा पीडितलाई सहयोग र सहजीकरण गर्ने सम्बन्धमा।

**निर्णयहरु:**

१ . प्रतिवादी नभएको, नखुलेको, कर्तव्यवाला नखुलेको नभएको कारण कोही कसै उपर खतवात नलागी कानूनको म्यादभित्र कोही कसै उपर मुद्दा नचलाउने गरी निर्णय निकासा भएको फाईलहरु र मुद्दामा अन्तिम फैसला भै उक्त फैसला उपर थप कारबाही नगर्ने गरी निकासा भई फिर्ता भएका मिसिलहरु अध्ययन गरी तामेली, मुल्तवी रहे/नरहेको हेरी मुल्तवी तामेली रहेको भए मुल्तवी तामेली रजिष्टरमा अभिलेख राखी मिसिल कार्यालयमै व्यवस्थित राख्ने अन्यथा अन्तिम फैसला भै सो उपर निकासाको कार्य सम्पन्न भै सकेको पुरानो मिसिलहरुलाई मुद्दाको कारबाही सम्बन्धि सम्पूर्ण विवरणहरुको (जाहेरवालाहरु, प्रतिवादीहरु, मुद्दा, वारदात मिति, वारदात स्थान, शुरु फैसला मिति, पुनरावेदन फैसला मिति, अन्तिम फैसलाको विवरण) कार्यालयमा अभिलेख राखी अन्तिम निकासा भै सकेको मुद्दाको पुरानो फाईलहरुलाई अभिलेखको रुपमा सुरक्षित राख्न जिल्ला प्रहरी कार्यालयलगायत अनुसन्धान गर्ने

सम्बन्धित निकायमा पठाउने र सो को जानकारी श्री उच्च सरकारी वकील कार्यालय तथा श्री महान्यायाधिवक्ताको कर्यालयमा पठाउने ।

२ . मुलुकी फौजदारी कार्यविधि नियमावलीको नियम ९६ एवम् विशेष कानूनमा लगातार सुनुवाई हुने भनी उल्लेख भएका कसूरको अभियोगपत्र तयार गर्दा नै निरन्तर सुनुवाईको मागदावी लिने र जरजस्ती करणी सम्बन्धी कसूरमा पीडितलाई अभियोगपत्र साथ पेश गर्ने र सोका लागि अनुसन्धान अधिकारीसँग समन्वय गरी त्यसको अभिलेख राख्ने ।

३ . सरकारी वकील कार्यालय, स्थानीय तह, अनुसन्धान गर्ने निकाय, शिक्षण संस्था समेतमा साईन पोष्ट टाँस गर्ने गराउने (विशेष गरी तेजाव प्रहार, मानव बेचबिखन, जबरजस्ती करणी, बोक्सी, छाउपडी, जातीय विभेद, लागुऔषध, संगठित अपराध, वन तथा वन्यजन्तु सम्बन्धी) ।

४ . अदालत तथा अर्धन्यायिक निकायबाट सरकारी साक्षीहरुलाई बकपत्रको लागि उपस्थित हुन आदेश गरिएको दिन साक्षीहरुलाई उपस्थित गराउन नसकिने भएमा/गाउँ घरमा साक्षीहरु फेला नपरेमा सोको कारण खुलाई मुचुल्का तयार गरी सक्कल मुचुल्का अनिवार्य पेश गर्नुपर्ने ।

५ . साक्षीहरुको आवश्यक्ता अनुसार सुरक्षाको लागी जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउने लगायत सहजीकरण गर्ने र सो को अभिलेख राख्ने तथा अपराध पीडित बालबालिका र मानब बेचविखन पीडितको संरक्षण र पुनर्स्थापनाको लागि आवश्यक सहजीकरण गरी समन्वय गर्ने ।

६ . फैसला वा आदेश प्राप्त हुनासाथ पीडितलाई जानकारी गराई त्यसको अभिलेख राख्ने तथा फैसला र आदेश कार्यान्वयनका प्रक्रियाका बारेमा पीडितलाई जानकारी गराई फैसला बमोजिम पीडितले भराई पाउने क्षतिपुर्ति पीडितले अविलम्ब प्राप्त गर्ने व्यवस्थाको लागी आवश्यक पहल र सहजीकरण गर्ने र सो को अभिलेखीकरण गर्ने ।